# क्लियरिङ्ग सदस्य

## अ. क्लियरिङ्ग सदस्य हुनका लागि चाहिने योग्यताहरु

- नेपालको कानून अन्तर्गत् दर्ता भएको संस्था जसको प्रबन्धपत्रको उदेश्य र/वा जसलाई नेपाल संविधान अनुसार वस्तु बजारमा समावेश हुने अनुमति छ। यदि संस्था नेपाल बाहिर अधिवासित छ भने, सो संस्थाले नेपालमा आफ्नो कारोबार संचालन गर्न नेपाल सरकारबाट आवश्यक अनुमति लिएको हुनुपर्छ।
- विस्तृत रुपमा ब्रोकर र ग्राहकहरु बनाउन सक्षम हुनुपर्छ।
- वस्तु बजारको पर्याप्त ज्ञान र अनुभवका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार प्रवृत्तिको ज्ञान भएको हुनुपर्छ।
- एक्सचेन्जद्वारा निर्धारित गरिएको पूंजी र प्राविधिक आवश्यकताहरु पूरा गरेको हुनुपर्छ।
- मूल्य उपलब्ध (Quote) गर्ने र आफ्नो ग्राहकहरुको कारोबारको राफसाफ गर्ने क्षमता हुनुपर्छ।
- एक्सचेन्जले निर्धारित गरे अनुसारको न्यूनतम नेट वर्थ हुनुपर्छ।
- आफ्नो राफसाफ र कारोबार गतिविधिहरु कुशलतापूर्वक र प्रभावकारी तरिकाले पूरा गर्न आवश्यक पूर्वाधार हुनुपर्छ।
- एक्सचेन्जका सबै नियमहरुको पालना गर्ने र त्यसको कार्यान्वयन गर्न सहकार्य गर्नुपर्छ।
- यस संस्थामार्फत् कार्यान्वयन भएको कारोबारको पूर्ण ग्यारेन्टी र पूर्ण जिम्मेवारी वहन गर्न सहमत हुनुपर्छ।
- नेपालमा कुनै पनि अदालतमा कुनै पनि वित्तीय अपराध वा धोखाधडीमा मुद्दा मामला दायर भएको हुनहुँदैन।

## आ. दर्ता हुने प्रक्रिया

यदि माथिको योग्यताहरु पूरा भएको छ भने, निवेदक क्लियरिङ्ग सदस्यका रुपमा दर्ता हुन योग्य छ र निवेदकले सदस्यता लिनका लागि तल उल्लेख गरिएको प्रक्रिया पालना गर्नुपर्छ :

- निवेदकले एक्सचेन्जको वेबसाइटमा क्लियरिङ्ग सदस्यताका लागि उपलब्ध गराइएका फारमहरु भर्नुपर्छ र अरु अन्य कम्पनी सम्बन्धित कागजातहरुसँगै एक्सचेन्जमा बुझाउनुपर्छ । एक्सचेन्जमा भर्ना/दर्ता हुने बेला प्रचलित सदस्यता शुल्क तिर्नु पनि पर्छ । [क्लियरिङ्ग सदस्यले पेश गर्नुपर्ने/भर्नुपर्ने कागजातहरुको सूची हेर्नुहोला ।]
- प्राप्त भएको कागजातको सबै विवरण ठिक छ छैन भन्ने प्रमाणित गरिन्छ र यदि कुनै विवरण छुटेको वा गलत भरिएको छ भने निवेदकले गल्ती सच्चाई बुझाउनेछ ।
- पेश गरिएको कागजात र अरु आवश्यक कुरा तथा योग्यताहरु पूरा गरेको आधारमा निवेदन स्वीकृत वा अस्वीकृत गरिनेछ ।
- प्रमाणिकरण पछि सबै अवश्यकताहरु पूरा भएको छ भने अनुपालन विभागले निवेदन अनुमोदित गर्नेछ ।
- अनुमोदित भएपछि, नयाँ क्लियरिङ्ग सदस्यले एक्सचेन्जसँग सम्झौता पत्रमा हस्ताक्षर गर्नेछ ।
- त्यसपछि सदस्यले मेक्सका बैंकिङ्ग साझेदार/हरु को मा मेक्सले निर्धारित गरे अनुसार बैंक खाता खोल्नु पर्नेछ ।
- एक्सचेन्जद्वारा क्लियरिङ्ग सदसय कोड जारी गरिन्छ र क्लियरिङ्ग सदस्यलाई आफ्नो कन्सोल दिइन्छ ।
- एक्सचेन्जले सदस्यता प्रमाणपत्र जारी गरेको ५ दिन भित्र क्लियरिङ्ग सदस्य सञ्चालनमा आउनुपर्नेछ ।